मिति :२०८१/०८/०३
समय : बिहान ०८ बजे
स्थानः गाउँ कार्यपालिकाको कार्यालय

उल्लिखित मिति, समय र स्थानमा इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष श्री देवकृष्ण पुडासैनीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिः

| | | |
|---|---|---|
| श्री देवकृष्ण पुडासैनी | इन्द्रसरोवर गाउँपालिका अध्यक्ष | -अध्यक्ष |
| श्री उमा कुमारी लामा | इन्द्रसरोवर गाउँपालिका उपाध्यक्ष | -उपाध्यक्ष |
| श्री सुवास थापा मगर | १ न. वडा अध्यक्ष | -सदस्य |
| श्री सुमन श्रेष्ठ | २ न. वडा अध्यक्ष | -सदस्य |
| श्री प्रताप भोम्जन | ३ न. वडा अध्यक्ष | -सदस्य |
| श्री चन्द्र कुमार बल | ४ न. वडा अध्यक्ष | -सदस्य |
| श्री दुतराज तितुङ | ५ न. वडा अध्यक्ष | -सदस्य |
| श्री लिला सुनार | कार्यपालिका सदस्य | -सदस्य |
| श्री शोभा कामी | कार्यपालिका सदस्य | -सदस्य |
| श्री सानुकान्छी स्याङतान | कार्यपालिका सदस्य | -सदस्य |
| श्री सावित्री सुनार | कार्यपालिका सदस्य | -सदस्य |
| श्री रामकृष्ण कामी | कार्यपालिका सदस्य | -सदस्य |
| श्री सम्झना परियार | कार्यपालिका सदस्य | -सदस्य |
| श्री रामचन्द्र लामा | प्रमुख प्रशासकीय अधिकृत | -सचिव |

कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:

१. विपद् व्यवस्थापन सम्बन्धमा:

प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व २०८१/०८२ मा मिति २०८१ असोज ११ र असोज १२ गतेको भीषण वर्षासंगै बाढी र पहिरोबाट भएको क्षतिबाट गाउँपालिका भरिका खानेपानीको गाउँपालिकाका प्राविधिक कर्मचारीहरुबाट सर्वे गराई प्राविधिक कर्मचारीले ३ दिनभित्रमा पेश गरेको लागत अनुमानको आधारमा पाइप खरिद गरि हस्तानन्तरण गर्ने र उक्त विपदको समयमा यस गाउँपालिकाबाट वडा कार्यालयलाई उपलब्ध गराइएको इन्धनको भुक्तानी प्राविधिक मूल्याकांनको आधारमा उपलब्ध गराउने निर्णय गरियो।

२. राष्ट्रपति रनिङ शिल्ड आयोजना सम्बन्धमा:

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस आ.व २०८१/०८२ को स्वीकृत कार्यक्रम बमोजिमको राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०८१ मंसिर महिनाको १८/१९ र २० गते निर्णय गरियो।

३. ठेक्का सूचना सम्बन्धमा :

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व २०८१/०८२ का सडक, खानेपानी, भवन सम्बन्धी ५ लाख भन्दा बढी विनियोजित बजेटका योजनाहरु बोलपत्र आह्वान गरी सञ्चालन गर्न निर्णय गरियो।

४. नदीजन्य पदार्थको उत्खनन् को प्राथमिकीकरण सम्बन्धमा:

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकामा ठेक्का आह्वान गरी ठेक्का लागेका नदीजन्य पदार्थको उत्खनन सम्बन्धमा मिति २०८१ असोज ११ र असोज १२ गतेको भीषण वर्षासंगै बाढीले धेरै नदिजन्य पदार्थ डिपोजिट गरेका क्षेत्रबाट सम्बन्धित वडाका वडा अध्यक्ष र प्राविधिकसँगको समन्वयमा जोखिम न्युनीकरण गर्ने गरी प्राथमिकीकरणको आधारमा उत्खनन् गर्न सम्बन्धित निर्माण व्यावसायीलाई निर्देशन दिने निर्णय गरियो।

५. नदीजन्य पदार्थको आ.ई.ई नवीकरण सम्बन्धमा

प्रस्ताव नं. ५ माथि छलफल गर्दा मिति २०८१ असोज ११ र असोज १२ गतेको भीषण वर्षासंगै बाढीले धेरै नदिजन्य पदार्थ डिपोजिट गरेका कारण यस गाउँपालिकाका खोला ठेक्का आह्वान गर्नका लागि यस अगाडि गरिएको नदीजन्य पदार्थको आ.ई.ई बमोजिको परिमाण मेल नखाने हुँदा पुन ठेक्का आह्वान गर्नका लागि वडा नं. १,२ र ३ का खोलाहरुमा पुन आई.ई.ई गर्ने निर्णय गरियो।

६. माटो विक्रीका लागि अनुमति प्रदान गर्ने सम्बन्धमा:

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाका वडा नं. ४ र ५ बाट केही व्यक्तिहरुको निजी जग्गामा माटो उत्खनन् गरी विक्री वितरण गर्नका लागि निवेदन प्राप्त भएकोले उक्त निजी जग्गाहरुको आ.ई.ई को रिपोर्ट पेश गरेपश्चात नियमानुसारको प्रति घ.फी रु ९ का दरले राजश्व बुझाएको खण्डमा विक्री वितरणका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:

१. विपद् व्यवस्थापन सम्वन्धमा:

प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व २०८१/०८२ मा मिति २०८१ असोज ११ र असोज १२ गतेको भीषण वर्षासंगै बाढी र पहिरोबाट भएको क्षतिबाट गाउँपालिका भरिका खानेपानीको गाउँपालिकाका प्राविधिक कर्मचारीहरुबाट सर्वे गराई प्राविधिक कर्मचारीले ३ दिनभित्रमा पेश गरेको लागत अनुमानको आधारमा पाइप खरिद गरि हस्तानन्तरण गर्ने र उक्त विपदको समयमा यस गाउँपालिकाबाट वडा कार्यालयलाई उपलब्ध गराइएको इन्धनको भुक्तानी प्राविधिक मूल्याकांनको आधारमा उपलब्ध गराउने निर्णय गरियो।

२. राष्ट्रपति रनिङ शिल्ड आयोजना सम्वन्धमा:

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस आ.व २०८१/०८२ को स्वीकृत कार्यक्रम बमोजिमको राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०८१ मंसिर महिनाको १८/१९ र २० गते निर्णय गरियो।

३. ठेक्का सूचना सम्वन्धमा :

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व २०८१/०८२ का सडक, खानेपानी, भवन सम्बन्धी ५ लाख भन्दा बढी विनियोजित बजेटका योजनाहरु बोलपत्र आह्वान गरी सञ्चालन गर्ने निर्णय गरियो।

४. नदीजन्य पदार्थको उत्खनन् को प्राथमिकीकरण सम्वन्धमा:

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकामा ठेक्का आह्वान गरी ठेक्का लागेका नदीजन्य पदार्थको उत्खनन सम्वन्धमा मिति २०८१ असोज ११ र असोज १२ गतेको भीषण वर्षासंगै बाढीले धेरै नदिजन्य पदार्थ डिपोजिट गरेका क्षेत्रबाट सम्वन्धित वडाका वडा अध्यक्ष र प्राविधिकसँगको समन्वयमा जोखिम न्युनीकरण गर्ने गरी प्राथमिकीकरणको आधारमा उत्खनन् गर्न सम्वन्धित निर्माण व्यावसायीलाई निर्देशन दिने निर्णय गरियो।

५. नदीजन्य पदार्थको आ.ई.ई नवीकरण सम्वन्धमा

प्रस्ताव नं. ५ माथि छलफल गर्दा मिति २०८१ असोज ११ र असोज १२ गतेको भीषण वर्षासंगै बाढीले धेरै नदिजन्य पदार्थ डिपोजिट गरेका कारण यस गाउँपालिकाका खोला ठेक्का आह्वान गर्नका लागि यस अगाडि गरिएको नदीजन्य पदार्थको आ.ई.ई बमोजिको परिमाण मेल नखाने हुँदा पुन ठेक्का आह्वान गर्नका लागि वडा नं. १,२ र ३ का खोलाहरुमा पुन आई.ई.ई गर्ने निर्णय गरियो।

६. माटो विक्रीका लागि अनुमति प्रदान गर्ने सम्वन्धमा:

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाका वडा नं. ४ र ५ बाट केही व्यक्तिहरुको निजी जग्गामा माटो उत्खनन् गरी विक्री वितरण गर्नका लागि निवेदन प्राप्त भएकोले उक्त निजी जग्गाहरुको आ.ई.ई को रिपोर्ट पेश गरेपश्चात नियमानुसारको प्रति घ.फी रु ९ का दरले राजश्व बुझाएको खण्डमा विक्री वितरणका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

Date:

७. शिक्षा समितिको निर्णय कार्यान्वयन सम्बन्धमाः

प्रस्ताव नं. ७ माथि छलफल गर्दा मिति २०८१ मंसिर ३ गते यस गाउँपालिकाको गाउँ शिक्षा समितिको निर्णय कार्यान्वयन गर्ने निर्णय गरियो।

८. विपद् व्यवस्थापन क्याम्पको विल भुक्तानी सम्वन्धमाः

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. २ को सशस्त्र प्रहरी वेस क्याम्पको पेश भएको विल भर्पाई वमोजिमको रु ४७,००० भुक्तानी गर्ने निर्णय गरियो।

९. नदीजन्य पदार्थको विक्री वितरणका लागि विल छपाई सम्वन्धमाः

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिकाको राजश्व परामर्श समितिवाट सिफारिस भई आएको नदीजन्य पदार्थको विक्री वितरणका लागि विल छपाई सम्वन्धी निर्णय कार्यान्वयन गर्ने निर्णय गरियो।

१०. प्र.अ भत्ता सम्वन्धमाः

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गाउँपालिकाको मिति २०८१ मंसिर ०३ गतेको गाउँ शिक्षा समिति बैठकवाट सिफारिस भइ आएको देहायको प्र.अ भत्ता उपलब्ध गराउने निर्णय गरियो।

देहायः

प्रा.वि — रु १०००

नि.मा.वि.- रु १५००

मा.वि-रु २०००

उ.मा.वि- रु २५००

११. करार कार्यविधि खारेजी सम्वन्धमाः

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस गाउँपालिकाको करारमा कर्मचारी पदपुर्ति सम्वन्धी कार्यविधि खारेज गर्ने र आगामी दिनमा पदपुर्ति संघीय तथा प्रदेश लोक सेवा वमोजिम हुने निर्णय गरियो।

१२. भुक्तानी सम्वन्धमाः

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस आ.व २०८१/०८२ मा राजश्व बाँडफाँड-स्थानीय-शीर्षकवाट विनियोजित योजनाको भुक्तानी राजश्व बाँडफाँडवाट रकम समयमै प्राप्त नभएमा अर्को आ.व मा भुक्तानी हुने निर्णय गरियो।

१३. डकुमेन्ट्री निर्माण गर्ने सम्बन्धमाः

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व २०८१/०८२ को स्वीकृत कार्यक्रम बमोजिमको डकुमेन्ट्री निर्माण गर्ने निर्णय गरियो।

१४. जेष्ठ नागरिक सम्मान कार्यक्रमः

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व २०८१/०८२ को स्वीकृत कार्यक्रम बमोजिमको जेष्ठ नागरिक सम्मानका लागि ब्ल्याङ्केट खरिद गर्नका लागि बोलपत्र आहान गर्ने निर्णय गरियो।